# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको
# विधान
# एघारौं संसोधन - २०२३

## विधान संसोधन समिति

- संयोजक : श्री रामहरी गैह्रे
- सदस्य : श्री ठाकुर कुमार परियार
- सदस्य : श्री बुद्धिप्रशाद भण्डारी
- सदस्य : श्री अफ्सर अलि खान
- सदस्य : श्री आशबहादुर गुरुङ्ग
- सदस्य : श्री पदम गिरी
- सदस्य : श्री हिराधन राई

❖ समिति गठन : एनसीसीको प्रथम बैठक, ०६ अगस्त २०२१

संसोधन प्रस्ताव तयारी :

- ✓ विधान शंशोधन समितिको बैठक, १८ फेब्रुवरी, २०२३ (आन्तरीक छलफल)
- ✓ अभियानका अग्रजहरुसाग परामर्श, प्रत्यक्ष छलफल तथा सुझाव संकलन बैठक २० फेब्रवरी २०२३
- ✓ कार्यसमितिको आठौ बैठक २३ फेब्रुवरी, २०२३ मा छलफल भई राष्ट्रिय परिषद् भेला २४ फेब्रुवरी, २०२३ मा प्रस्तुत तथा अनुमोदन ।

**गैरआवासीय नेपाली संघ**

राष्ट्रिय समन्वय परिषद् (NCC-Qatar)

कतारको विधान–२००३ (एघारौं संशोधन सहित)

**प्रस्तावना :-**

नेपालको सर्वाङ्गिण विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन विश्वका विभिन्न मुलुकहरुमा बसोबास गरिरहेका गैरआवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि ईस्वी सम्वत २००३ को अक्टुबर ११ मा काठमाण्डौमा स्थापना भएको गैरआवासीय नेपाली संघ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकार प्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको रुपमा स्थापित गैरआवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रहि कतारमा विविध गतिविधि सञ्चालन गर्न इस्वी संम्वत २००३ डिसेम्वर महिनाको १२ तारिखमा सम्पन्न भेलाको निर्णय बमोजिम राष्ट्रिय समन्वय परिषद् गठन एवं संञ्चालनका लागि यो विधान बनाई लागु गरिएको छ ।

**परिच्छेद १**

**१.संक्षिप्त नाम :-**

१.१ यस संस्थाको नाम गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार (यस पछि विधानमा परिषद् भनिएको छ) । अंग्रेजीमा Non–Resident Nepali Association, National Coordination Council, Qatar तथा छोटकरीमा NRNA-NCC, Qatar भनिनेछ ।

१.२ यो संस्था गैर नाफा मुलक, अविछिन्न उत्तराधिकारवाला, गैर राजनितिक सामाजिक संस्था रहने छ ।

१.३ यो  विधान अन्तिम परिषद् भेला  बाट पारित भएपछि लागु हुनेछ ।

१.४ यो विधान लाई गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान-२००३ ( एघारौं संशोधन सहित) भनिनेछ ।

१.५ परिषदको स्थापना ईस्वी सम्वत २००३ डिसेम्वर १२ मा भएको हो ।

२. यस राष्ट्रिय समन्वय परिषद् कतारको मुलमन्त्र "नेपालीका लागि नेपाली" हुनेछ ।

३. गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम नै यस विधानको अनुसुची १ देखि ६ बमोजिम लोगो, लेटर हेड, सदस्यता परिचय पत्र, संस्थाको छाप र सपथ रहनेछ ।

४. यो संस्थाको कार्यालय कतारको दोहामा रहनेछ ।

**परिच्छेद - २**

**५. परिभाषा :-** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस विधानमा :

५.१ "गैरआवासीय नेपाली" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको दफा

५.१ बमोजिम गरिएको परिभाषालाई बुझाउने छ ।

५.३ "राष्ट्रिय समन्वय परिषद्" भन्नाले यस विधान बमोजिम स्थापित गैरआवसीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ ।

५.४ "विधान" भन्नाले गैरआवासीय नेपाली संघको राष्ट्रिय समन्वय परिषद्को विधान भन्ने सम्झनु पर्दछ ।

५.५ "केन्द्रिय विधान" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान भन्ने सम्झनु पर्दछ ।

५.६ "सम्मेलन" भन्नाले गैरआवासीय नेपाली संघको विश्व सम्मेलनलाई बुझाउने छ ।

५.७ "क्षेत्रीय सम्मेलन" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को क्षेत्रीय सम्मेलनलाई बुझाउने छ ।

५.८ "क्षेत्रीय बैठक" भन्नाले विभिन्न क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषदहरुले सम्बन्धित क्षेत्रभित्र रहेको मुलुकमा आयोजना गरिने बैठकलाई बुझाउने छ ।

५.९ "अन्तर्राष्ट्रिय महाधिवेशन" भन्नाले गैरआवासीय नेपाली संघको साधारण सभालाई बुझाउने छ ।

५.१० "राष्ट्रिय महाधिवेशन" भन्नाले निर्वाचन हुनका लागि दुई बर्षमा आयोजना गरिने राष्ट्रिय महाधिवेशनलाई बुझाउने छ ।

५.११ "वार्षिक भेला" भन्नाले राष्ट्रिय समन्वय परिषद् कतारको वार्षिक भेलालाई बुझाउने छ ।

५.१२ "विशेष अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद्को विशेष अधिवेशनलाई बुझाउने छ ।

५.१३ "क्षेत्रीय अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित क्षेत्रीय परिषदहरुको अधिवेशनलाई बुझाउने छ ।

५.१४ "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद्को अध्यक्षलाई बुझाउने छ ।

५.१५ उपाध्यक्ष भन्नाले राष्ट्रिय समन्वय परिषद्को उपाध्यक्षलाई बुझाउने छ ।

५.१६ महिला उपाध्यक्ष भन्नाले समन्वय परिषद्को महिला उपाध्यक्षलाई बुझाउने छ ।

५.१७ युवा उपाध्यक्ष भन्नाले समन्वय परिषद्को युवा उपाध्यक्षलाई बुझाउने छ ।

५.१८ "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद्को महासचिव लाई बुझाउने छ ।

५.१९ "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद्को सचिव लाई बुझाउने छ ।

५.२० "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद्को कोषाध्यक्षलाई बुझाउने छ ।

५.२१ "सह-कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद्को सह-कोषाध्यक्षलाई बुझाउने छ ।

५.२२ "प्रवक्ता" भन्नाले राष्ट्रिय समन्वय परिषद्को प्रवक्तालाई बुझाउने छ ।

५.२३ "महिला संयोजक " भन्नाले राष्ट्रिय समन्वय परिषद्को महिला प्रतिनिधिलाई बुझाउनेछ ।

५.२४ "युवा संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषद्को युवा प्रतिनिधीलाई बुझाउने छ ।

५.२५ "परिषद सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषद्को कार्यकारिणी समितिको सदस्यलाई बुझाउने छ ।

५.२६ "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह–कोषाध्यक्ष,महिला संयोजक, युवा संयोजक र प्रवक्तालाई जनाउने छ ।

५.२७ "सल्लाहकार" भन्नाले राष्ट्रिय समन्वय परिषद्ले चयन गरेका सल्लाहकारलाई बुझाउने छ ।

५.२८ "मानार्थ सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय

परिषद्को सिफारिसमा चयन गरिएको संघको मानार्थ सदस्यलाई बुझाउनेछ ।

५.२९ "सम्बद्ध सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले राष्ट्रिय समन्वय परिषद्
कतारको सिफरिसमा चयन गरिएको संघको सम्बद्ध सदस्यलाई बुझाउनेछ ।

५.३० "साधारण सदस्य" भन्नाले दुई वर्षभन्दा बढि दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा बसोवास
गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ ।

५.३१ "पञ्जिकृत सदस्य" भन्नाले साधारण सदस्यले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले
तोके बमोजिमको सदस्यता शुल्क बुझाई रित पुर्वक राष्ट्रिय समन्वय परिषदले सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ ।

५.३२ "जुनियर सदस्य" भन्नाले १८ वर्ष उमेर पुरा नभएका गैरआवासीय नेपालीका सन्तानलाई जनाउने छ ।

५.३३ "प्रारम्भिक सदस्य" भन्नाले दुई वर्षभन्दा कम दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा बसोवास
गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ ।

५.३४ "दर्ता शुल्क" भन्नाले गैरआबासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा विभिन्न भेला तथा सेमीनारहरुमा सहभागिताकालागि तोकेको शुल्कलाई बुझाउने छ ।

५.३५ "सदस्यता शुल्क" भन्नाले राष्ट्रिय समन्वय परिषद्ले परिषद्का पदाधिकारी, सदस्यहरु, पञ्जिकृत सदस्यहरु
वा साधारण सदस्यहरुका लागि तोकिएको शुल्कलाई बुझाउनेछ ।

५.३६ "युवा" राष्ट्रिय महाधिवेशन सुरु भएको दिनसम्म ४० वर्ष उमेर ननाघेको व्यक्तिलाई बुझाउने छ ।

५.३७ "कार्यसमिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद्को
कार्यसमितिलाई सम्झनु पर्दछ ।

५.३८ "छाप" भन्नाले राष्ट्रिय समन्वय परिषद् कतारको छापलाई बुझाउने छ ।

५.३९ "लेटर हेड" भन्नाले राष्ट्रिय समन्वय परिषद् कतारको लेटर हेडलाई बुझाउने छ ।

५.४० "एक बचन" शब्दले बहुवचनलाई समेत बुझाउने छ ।

५.४१ "पुलिंगी" शब्दले स्त्रीलिङ्गी शब्दलाई समेत बुझाउने छ ।

५.४२"व्यक्ति" शब्दले कानूनी वा प्राकृतिक दुवैलाई बुझाउने छ ।

५.४३"संघ-संस्था" भन्नाले नेपाली राजदुतावास कतारमा सुचिकृत भएका कतारमा स्थपित नेपाली संघ संस्था सम्झनु पर्दछ ।

५.४४"राजदुतावास" भन्नाले कतारमा रहेको नेपाली राजदुतावास सम्झनु पर्दछ ।

## परिच्छेद ३

### ६. उद्धेश्यहरु :-

गैरआवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रही कतारमा वस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपालभित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान

गैरआवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रही कतारमा बस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपालभित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्ने संघको मुख्य उद्देश्य बमोजिम क्रियाशिल रहनु नै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको उद्देश्य रहनेछ । निम्न उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

६.१ कतारमा बसोबास गरिरहेका गैरआवासीय नेपालीहरुको स्थायित्व, सुरक्षित, वैदेशिक रोजगार र समग्र हितका लागि क्रियाशिल रहने ।

६.२ कतारमा स्थापित नेपाली संघ संस्थाहरुसंग समन्वय गर्ने एवं कतारमा कार्यरत नेपालीहरुको साझा संस्थाको रुपमा प्रतिनिधित्व गर्ने ।

६.३ बिदेशमा मातृभूमी नेपालको पहिचान तथा राष्ट्रिय विभुतिहरुको मान प्रतिष्ठा उचो राख्न पहल गर्ने ।

६.४ मातृभूमीको बिकासको निम्ति गैरआवासीय नेपाली र बिदेशीहरुको लगानी आकर्षण गर्न पहल गर्ने ।

६.५ नेपालमा गैरआवासीय नेपालीहरुको आर्थिक लगानी, बौद्धिक सीप तथा दाताको उचित प्रयोग गर्न सकिने वातावरण सिर्जना गर्न पहल गर्ने ।

६.६ विश्वका बिभिन्न भागमा रहेका नेपालीहरु बिच आपसी सहयोग तथा सद्भावको विकास गर्न पहल गर्ने ।

६.७ स्वदेश तथा विदेशमा प्रवासी नेपालीहरुको हक हितको प्रवर्धन तथा संरक्षण गर्न अन्तराष्ट्रिय साझा मञ्चका रुपमा काम गर्ने ।

६.८ वैदेशिक रोजगारमा रहेका नेपालीहरुका समस्याहरुको पहिचान गरि अल्पकालिन तथा दिर्घकालिन समाधानका निम्ति पहल गर्ने ।

६.९ कतारमा रहेका बिभिन्न पेशा र समूदायका नेपालीहरु बिच आपसी मेलमिलाप र सुमधुर सम्बन्ध कायम राख्न प्रयत्न गर्ने ।

६.१० कतारमा नेपाली साहित्य, कला, खेल तथा संस्कृतीको जगेर्ना गर्न क्रियाशील रहने ।

६.११ कतारमा नेपालको पर्यटन प्रवर्धनका लागि कृयाशिल रहने ।

६.१२ वैदेशीक रोजगारीमा रहेका श्रमीक नेपालीहरु र उद्योग व्यवसायीहरुको हक, हित संरक्षण तथा सम्वर्धनका लागि विशेष पहल गर्ने ।

६.१३ कतारमा रहेका नेपालीहरुको शारीरिक, मानसिक, बौद्धिक तथा आर्थिक विकासका निम्ति सहयोग पुर्‍याउने ।

६.१४ परिषद्का उद्देश्यहरु पूर्तिका लागि राजदुतावास संग सहकार्य तथा समन्वय कायम गर्ने ।

६.१५ नेपाल र कतार दुई देश बिचको आपसी भाईचारा तथा सम्बन्ध सुमधुर बनाउन कृयाशिल रहने ।

६.१६ अन्तर्राष्ट्रिय समन्वय परिषदका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

**७. सदस्यता :-** राष्ट्रिय समन्वय परिषद कतारको सदस्यता देहाय बमोजिम हुनेछ ।

**७.१ साधारण सदस्य :-**

संघको विधानमा व्यवस्था भए बमोजिमका साधारण सदस्य हुन योग्यता पुगेका कतारमा कार्यरत व्यक्तिहरु यस परिषद्का स्वतः साधारण सदस्य मानिने छन् ।

**७.२ प्रारम्भिक सदस्य :-**

दुई बर्ष भन्दा कम बसोबास गरेका नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिक संघका प्रारम्भिक सदस्य लिन सक्नेछन । यस्ता सदस्यहरुले संघको विश्व सम्मेलन, राष्ट्रिय महाधिवेशन र संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन् । तर यस्ता सदस्यहरुलाई राष्ट्रिय समन्वय परिषद् वा अर्न्तराष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन ।

**७.३ पञ्जिकृत सदस्य :-**

विधानतः रित पुगेका साधारण सदस्यहरु मध्येबाट ईच्छुक सदस्यहरुले तोकिएको फारम तथा तोकिएको सदस्यता शुल्क बुझाई पञ्जिकृत सदस्यता लिन सक्ने छन् ।

**७.४ सम्बद्ध सदस्य :-**

नेपाललाई सहयोग, प्रवर्द्धन गर्न चाहने वा कतारमा गैरआबासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् साग समन्वय र सहकार्य गरिरहेका संघ, संस्थाहरुलाई सदस्यताका लागि राष्ट्रिय समन्वय परिषद् कतारको सिफरिसमा अन्तराष्ट्रिय समन्वय परिषद्ले सम्बद्ध सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता सदस्यहरु साग आपसमा कार्यगत सहकार्य र समन्वय हुनेछ तर एक अर्को संस्थाका आन्तरिक गतिविधिमा कुनै भुमिका हुने छैन । सम्बद्ध सदस्यता प्रत्येक राष्ट्रिय अधिवेशनको ३० दिन अगाडि अद्यावधिक गरिसक्नु पर्ने छ ।

**७.५ मानार्थ सदस्य :-**

कतारमा रहेका गैरआबासीय नेपालीको हकहित संरक्षणमा तथा नेपालको विकासमा उल्लेखनीय योगदान पुर्‍याएका गैर नेपाली व्यक्तिहरुलाई मानार्थ सदस्यताकालागि राष्ट्रिय समन्वय परिषद कतारको सिफारिसमा अन्तराष्ट्रिय समन्वय परिषद्ले मानार्थ सदस्य प्रदान गर्नेछ । यस्ता सदस्यहरुलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुने अधिकार हुनेछैन ।

**८. सदस्यताको लागि योग्यता :-**

८.१ संघको विधानको दफा ७ मा व्यवस्था भए बमोजिम सदस्य बन्नका लागि १८ बर्ष उमेर पुरा भएको हुनपर्छ ।

## परिच्छेद ५

**९. सदस्यता शुल्क र सदस्यको बिवरण :-**

९.१ परिषदको एक कार्यकालको पञ्जिकृत सदस्यहरुले तोकिएको शुल्क अनिवार्य तिर्नु पर्नेछ । पञ्जिकृत सदस्यकालागि एक कार्यकालका लागि क.रि. २५/– (कतारी रियाल पच्चीस) मात्र शुल्क तिर्नु पर्नेछ । निर्धारित शुल्क आवेदन फाराममा समेत उल्लेख गरेर सुचित गर्नु पर्ने छ ।

९.१ परिषदको एक कार्यकालको पञ्जिकृत सदस्यहरुले तोकिएको शुल्क अनिवार्य तिर्नु पर्नेछ । पञ्जिकृत सदस्यकालागि एक कार्यकालका लागि क.रि. २५/– (कतारी रियाल पच्चीस) मात्र शुल्क तिर्नु पर्नेछ । निर्धारित शुल्क आवेदन फारममा समेत उल्लेख गरेर सुचित गर्नु पर्ने छ ।

९.२. अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोषमा जम्मा गरिने छ ।

९.३. राष्ट्रिय समन्वय परिषद्ले आवश्यक ठानेमा सदस्यता शुल्क बाहेक पनि शिर्षक तोकी अतिरिक्त शुल्क तोक्न, लिन सक्नेछ, तर यो अतिरिक्त शुल्क स्वेच्छिक हुनेछ र अतिरिक्त शुल्क नतिर्दा कुनै पनि एनआरएनहरुलाई संघमा दर्ता हुन (पञ्जिकृत सदस्य बन्न) बाट बञ्चित गर्न पाइने छैन् । यसरी तोकीएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषद्को कोषमा नै रहनेछ ।

९.४ राष्ट्रिय समन्वय परिषद्हरुले पंजिकृत सदस्यहरुको विवरण, पंजिकृत सदस्यता शुल्क, नाया कार्यसमितिको विवरण, आईसिसि सदस्यको नामावली, आईसिसि सदस्यता शुल्क, र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने प्रतिनिधिहरुको नामावली NRNA IMS (MIS) प्रणाली अनुसार उपलब्ध गराउनु पर्ने छ र साथै वेव साईट सम्वन्धि कार्यहरु यही प्रणाली अनुसार गर्नु पर्ने छ ।

## १० सदस्यताको समाप्ति :-

१०.१ परिषद्को विघठन भए सागै अघिल्लो कार्यकालको सदस्यता समाप्त भएको मानिनेछ ।

१०.२ परिषद्का अध्यक्ष समक्ष लिखित रुपमा राजिनामा दिई स्विकृत भएमा ।

१०.३ गैरआवासीय नेपाली संघको सदस्यताको हैसियत समाप्त भएमा ।

१०.४ पञ्जिकृत सदस्यको मृत्यु भएमा ।

१०.५ अनुशासन समितिको कार्यवाहिको सिफारीसमा कार्यसमितीले सदस्यता खारेज गरेमा ।

१०.६ नेपाल अथवा कतारको कानूनले नैतिक पतन हुने फौजदारी अभियोग प्रमाणित भएको पाईएमा ।

१०.७ कतारमा बसोवास गर्ने कानूनि हैसियत समाप्त भएमा ।

## ११ सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-

११.१ प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन ।

११.२ यस बिधान, गैरआवासीय नेपाली संघको विधान र राष्ट्रिय समन्वय परिषद्का अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

११.३. पञ्जिकृत सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने तथा मतदान गर्ने हक हुनेछ । राष्ट्रिय समन्वय परिषद्को उम्मेदवार बन्न परिच्छेद ६को दफा १६को उपदफा १६.६ बमोजिम हुनपर्नेछ ।

११.४. साधारण, प्रारम्भिक, सम्वद्ध र मानार्थ सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक भने हुनेछैन ।

## १२. पञ्जिकृत सदस्यता वितरण तथा नविकरण सम्वन्धि व्यवस्था :-

१२.१ नाया पंञ्जिकृत सदस्यता परिषद्को कार्यकाल समाप्त भई विघटन भएपछि आव्हान गरिनेछ ।

१२.४ नाया पञ्जिकृत सदस्यत वितरण गर्दा प्रकृयागत कुनै विवाद श्रृजना भएमा कार्यसमितिले छानविनका लागि अधिकार सम्पन्न ५ देखि ७ जनाको छानविन समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद - ६

**१३. राष्ट्रिय परिषद्को व्यवस्था :-** गैरआवासीय नेपाली संघको विधानमा व्यवस्था भए बमोजिम एक राष्ट्रिय परिषद्को
गठन हुनेछ ।

१३.१ परिषद् भेला सम्वन्धि व्यवस्था

१३.१.१ परिषद्को सदस्यहरुको भेला एक कार्यकालमा जम्मा ३ पटक हुनेछ ।

१३.१.२ नाया परिषद्को गठन : पंजिकृत सदस्यहरुको अन्तिम नामावली प्रकाशनलाई नै परिषद् गठन भएको मिति
मानिने छ। परिषद् गठन भएको ४५ दिन भित्र परिषद्को राष्ट्रिय महाधिवेशन आयोजना गर्नु पर्नेछ । सोहि महाधिवेशनलाई परिषद्को पहिलो भेलाको रुपमा गणना गरिने छ । विशेष परिस्थितिको कारणले उक्त समय भित्र राष्ट्रिय महाधिवेशन आयोजना गर्न सम्भव नभएमा संघको परामर्शमा नया मिति निर्धारण गरी भेला सम्पन्न गर्नु पर्ने छ ।

१३.२ दोस्रो परिषद् भेला प्रथम परिषद् भेलाको ठिक १ वर्षमा गर्नु पर्नेछ । यसलाई बार्षिक भेला मानिनेछ ।

१३.३ मौजुदा परिषद् विघटन र नया परिषद् आह्वानका लागी राष्ट्रिय महाधिवेशनको ३ महिना अगाडी अन्तिम परिषद् भेला गरीनेछ ।

१३.४ कार्यसमितिले कुनै पनि समयमा विशेष भेला बोलाउन मुनासिव ठानेको अवस्थामा कार्यसमितिको बैठकको निर्णयले विशेष भेला आह्वान गर्न सकिनेछ ।

१३.५ परिषद्को साधारण भेला सम्वन्धि सूचना भेला बस्नु भन्दा १५ दिन अगावै तथा विशेष बैठक भेला सम्वन्धि सूचना बैठक भेला बस्नुभन्दा ७ दिन अगावै प्रकाशित गरि जानकारी गराउनु पर्नेछ । यस्तो सूचना कतारमा प्रकाशित हुने नेपाली पत्रिका विद्युत्तयि संचारका माध्यम प्रचलनमा रहेका सामाजिक संजाल आदिबाट प्रकाशित गरिनेछ ।

१३.६ परिषद्को साधारण तथा विशेष भेलामा उपस्थित हुनु पंजिकृत सदस्यहरुको कर्तव्य हुनेछ तर उपस्थित हुन नसक्ने परिस्थितिमा लिखित वा विद्युतीय संचारका माध्यमबाट अध्यक्ष वा महासचिवलाई जानकारी गराउनु पर्दछ ।

१३.७ कार्यसमितिका सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरु तथा उप-समितिका संयोजकहरुको कुल जोड (पदपुर्ति भएकाहरुको मात्र) को ५१ प्रतिशतको उपस्थिति अनिवार्य मानिनेछ । गणपुरक संख्याको गणना गर्दा कतार बाहिर भएका पदाधिकारी तथा सदस्यहरुलाई घटाएर कतारमा रहेका पदाधिकारी तथा सदस्यहरुको मात्रै गणना गरिने छ ।

१३.८ परिषद भेला साधारणतया परिषद्को अध्यक्षको सभापतित्वमा बस्नेछ ।

१३.९ परिषद्को कुनै पनि बैठकमा कुनै सदस्यले विशेष प्रस्ताव राख्न चाहेमा सोको जानकारी प्रस्ताव सहित बैठक शुरु हुनु भन्दा कम्तिमा ३ दिन अघि परिषद्का महासचिव वा उनको अनुपस्थितिमा उनको कार्यभार सम्हालेका पदाधिकारीलाई लिखित रुपमा बुझाउनु पर्नेछ ।

**१४. परिषद् भेलाको अधिकार र उत्तरदायित्वहरु :-**

१४.१ परिषद्ले आफनो निति तथा कार्यक्रम तय गर्नेछ ।

१४.२ परिषदमा जानकारीको लागि पेश हुने आम्दानी र खर्चको विवरण तथा कार्यप्रगति प्रतिवेदन अनुमोदन गर्नेछ ।

१४.३ केन्द्रिय विधान तथा यस विधानमा उल्लेख भएका काम तथा दायित्वहरु निर्वाह गर्नेछ ।

१४.४ केन्द्रिय विधान तथा यस विधान संग नबाझिने गरि नियम उपनियम बनाई लागु गर्नेछ ।

१४.५ अन्तिम परिषद् भेलाले आवश्यकता अनुसार विधान संशोधन गर्नेछ ।

१४.६ कार्यसमितीलाई आवश्यक राय सुझाव र सल्लाह दिनेछ ।

## १५. परिषद् विघटन तथा आह्वान :-

१५.१ अन्तिम परिषद्को भेलाले आफ्नो नियमित छलफलको अन्त्यमा नयाा परिषद् गठन सम्वन्धि नियमावली पारित गरि परिषद् विघटन भएको घोषणा गर्नेछ ।

१५.२ अन्तिम परिषद् भेलाद्वारा पारित परिषद् गठन सम्वन्धि नियमावलीमा व्यवस्था भए अनुसार नाया परिषद् गठनको लागि पंजिकृत सदस्यता नविकरण र नाया सदस्यता आवेदन आव्हान गरिनेछ ।

१५.३ सामुहिक रुपमा परिषदको कार्यकाल पंजिकृत सदस्यको नामावली प्रकाशन भएको मिति देखि अन्तिम परिषद्

भेला सम्पन्न नभए सम्म हुनेछ । तर व्यक्तिगतरुपमा पजिकृत सदस्यता भने अर्को कार्यकालको लागि नयाा पंजिकृत सदस्यहरु नामावली प्रकाशन नभए सम्म वैद्य मानिनेछ ।

१५.४ गैरआवसीय नेपाली संघ, अन्तरराष्ट्रिय समन्वय परिषद्को अन्तर्राष्ट्रिय महाधिवेशन तथा विश्व सम्मेलनको तोकिएको मिति वाट ६ महिना भित्र आव्हान गरिएको परिषद् भेलालाई परिषद्को अन्तिम भेला मानिनेछ ।

## १६. राष्ट्रिय समन्वय परिषद् :-

१६.१ राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि राष्ट्रिय समन्वय परिषद् नामक एक कार्यकारी अंग हुनेछ ।

१६.२ राष्ट्रिय समन्वय परिषद् कार्यसमिति गठन :-

राष्ट्रिय समन्वय परिषद् कार्यसमितिको गठन देहाय बमोजिम गरिनेछ ।

| | |
|---|---|
| १.अध्यक्ष | १ |
| २ प्रथम.उपाध्यक्ष | १ |
| ३ द्वितिय उपाध्यक्ष | १ |
| ४, तृतिय उपाध्यक्ष | १ |
| ५. महिला उपाध्यक्ष | १ |
| ६, युवा उपाध्यक्ष | १ |
| ७.महासचिव | १ |
| ८.सचिव | ३ |
| ९.कोषाध्यक्ष | १ |
| १०. सह कोषाध्यक्ष | १ |
| ११.महिला संयोजक | १ |
| १२.युवा संयोजक | १ |

१३.निर्वाचित कार्यसमिति सदस्य : १९

१४.कार्यसमितिबाट मनोनित सदस्यहरु : ८

१५. अध्यक्षले निर्वाचित कार्यसमितिको एक पदाधिकारी वा सदस्यलाई संघको प्रवक्ता तोक्न सक्नेछ ।

१६. राष्ट्रिय समन्वय परिषद् कतारको कार्यकारी समितिमा जम्मा ४१ सदस्यीय रहनेछ ।

१६.३ राष्ट्रिय समन्वय परिषद्को कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ ।

१६.४ कार्यसमिति गठनका लागि अन्तिम परिषद् भेलाले यस विधानमा व्यवस्था भए बमोजिम निर्वाचन समिति
गठन गर्नेछ ।

१६.५ कार्यसमिति गठन प्रकृयामा सम्पूर्ण परिषद् सदस्यहरुको सहभागि हुने अधिकार रहनेछ ।

१६.६ कार्यसमितिको अध्यक्ष पदको लागि योग्य हुन आईसीसी वा एनसीसी कतारको कार्यसमितिमा रहेर काम गरेको हुनु पर्नेछ । प्रथम उपाध्यक्ष र महासचिवको हकमा राष्ट्रिय समन्वय परिषद्द्वारा गठित समिति, उपसमिति तथा विभागमा रहेर काम गरेको हुनु पर्नेछ र अन्य पदाधिकारीका लागी कम्तीमा १ कार्यकाल पंजीकृत सदस्य भएको हुन पर्नेछ ।

## १७. राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम, कर्तव्य र अधिकारहरु :

### १७.१. अध्यक्ष :-

१७.१.१ राष्ट्रिय समन्वय परिषद्को प्रमुखका हैसियतले कार्य गर्ने ।

१७.१.२ राष्ट्रिय समन्वय परिषद्का नियमित बैठकहरुको, बार्षिक अधिवेशन र राष्ट्रिय महाधिवेशनको खुला सत्रको अध्यक्षता गर्ने ।

१७.१.३ राष्ट्रिय समन्वय परिषद्ले यस विधानमा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने र कुन पनि विषयमा आकस्मिक निर्णय लिएको खण्डमा त्यसको अनुमोदन राष्ट्रिय समन्वय परिषद्को बैठकबाट गराउने ।

१७.१.४ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने ।

१७.१.५ राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुलाई जिम्मेबारी तोक्ने ।

१७.१.६ विभिन्न विभागहरु, समितिका प्रमूखहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

१७.१.७ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यलाई राष्ट्रिय समन्वय परिषद्का गतिविधिहरु पठाउन महासचिव लाई निर्देशन दिने ।

१७.१.८ बैठक बोलाउन महासचिव लाई निर्देशन दिने ।

१७.१.९ अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिने ।

१७.१.१० राष्ट्रिय समन्वय परिषद्ले तोकेको अन्य काम कर्तव्य पुरा गर्ने ।

१७.१.११ राष्ट्रिय समन्वय परिषद्ले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

### १७.२. प्रथम उपाध्यक्ष :-

१७.२.१ राष्ट्रिय समन्वय परिषद्को नेतृत्वका लागि आवश्यक्ता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

१७.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिमका कार्यहरु गर्ने

१७.२.३ कार्यसमितिले तोकिएका अन्य कार्यहरु गर्ने ।

१७.२.४ राष्ट्रिय समन्वय परिषद्ले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.३ द्वितीय उपाध्यक्ष :–**

१७.३.१ प्रथम उपाध्यक्षको अनुपस्थितीमा प्रथम उपाध्यक्षले गरिआएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।

१७.३.२ अध्यक्ष र प्रथम उपाध्यक्षद्वारा गरिने अन्य कार्यहरुमा सहयोग गर्ने ।

१७.३.३ विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१७.४ तृतिय उपाध्यक्ष :–**

१७.४.१ प्रथम, द्वित्तीय उपाध्यक्षको अनुपस्थितीमा प्रथम, द्वित्तीय उपाध्यक्षले गरिआएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।

१७.४.२ अध्यक्ष र प्रथम उपाध्यक्षद्वारा गरिने अन्य कार्यहरुमा सहयोग गर्ने ।

१७.४.३ विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१७.५ महिला उपाध्यक्ष :–**

१७.५.१ कतारमा कार्यरत नेपाली महिलाहरुको हक, हित र अधिकारका लागि राष्ट्रिय समन्व परिषद्को मातहतमा रहि कार्यहरु गर्ने ।

१७.५.२ प्रथम, द्धितिय र तृतिय उपाध्यक्षको अनुपस्थितीमा उपाध्यक्षहरुले गरिआएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।

१७.५.३ अध्यक्ष र प्रथम उपाध्यक्षद्वारा गरिने अन्य कार्यहरुमा सहयोग गर्ने ।

१७.५.४ विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१७.६ युवा उपाध्यक्ष :–**

१७.६.१ कतारमा कार्यरत नेपाली युवाहरुको हक, हित र अधिकारका लागि राष्ट्रिय समन्व परिषद्को मातहतमा रहि कार्यहरु गर्ने ।

१६.६.२ प्रथम, द्धितिय र तृतिय उपाध्यक्षको अनुपस्थितीमा उपाध्यक्षहरुले गरिआएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।

१७.५.३ अध्यक्ष र उपाध्यक्षहरुद्वारा गरिने अन्य कार्यहरुमा सहयोग गर्ने ।

१७.५.४ विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१७.७. महासचिव :-**

१७.७.१ राष्ट्रिय समन्वय परिषद्को सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने ।

१७.७.२ राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय समन्वय परिषद्का वैठकहरुको सञ्चालन गर्ने ।

१७.७.३ राष्ट्रिय समन्वय परिषद्का गतिविधिहरुको अभिलेख राख्ने र विभगीय रिपोर्ट लिने, पत्रचार गर्ने र

प्रतिवेदनहरु नियमित रुपमा आ‍ँनो मुलुक बाट प्रतिनिधित्व गर्ने आईसिसि सदस्यलाई उपलब्ध गराउने ।

१७.७.४ सांगठानिक प्रगति प्रतिवेदन, वार्षिक परिषद् भेला र राष्ट्रिय महाधिवेशनमा पेश गर्न तयार गरी एकमहिना पहिले कार्यसमितका सम्पूर्ण सदस्यहरु र आ‍ँनो मुलुकको आइसिसि प्रतिनिधलाई पठाउने ।

१७.७.५ अध्यक्षको निर्देशन बमोजिम वैठक बोलाउने तथा वैठकका एजेण्डाहरु अध्यक्षको परामर्शमा तय गरी

वैठकमा पेश गर्ने ।

१७.७.६ राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।
१७.७.७ राष्ट्रिय समन्वय परिषद्ले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.८ सचिव :-**

१७.८.१ आवश्यक्ता अनुसार महासचिवलाई सहयोग गर्ने ।
१७.८.२.महासचिबको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।
१७.८.३. महासचिबले तोकिएका अन्य कार्यहरु गर्ने ।
१७.८.४ राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.९ कोषाध्यक्ष :-**

१७.९.१.राष्ट्रिय समन्वय परिषद्को कोष प्राप्त गर्ने र जिम्मामा लिने ।
१७.९.२.राष्ट्रिय समन्वय परिषद्ले संकलन गरेको पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको
मिति बमोजिम पठाउने ।
१७.९.३ राष्ट्रिय समन्वय परिषद् कतारको कोष अभिबृद्धिका लागि बिभिन्न उपायहरुको प्रस्ताब गर्ने ।
१७.९.४ राष्ट्रिय महाधिवेशन र राष्ट्रिय समन्वय परिषद्ले तय गरेका बिबिध कार्यक्रमहरुका लागि आवश्यक रकम
तथा परियोजनका लागि श्रोत साधनको परिचालन सम्वन्धि बिवरण तयार गरि प्रस्ताब गर्ने ।
१७.९.५ राष्ट्रिय महाधिवेशनमा वा राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा राष्ट्रिय समन्वय परिषद्ले पारित गरेका
कार्यक्रमहरुको आधारमा अनुमानित बजेट तयार गरि प्रस्तुत गर्ने ।
१७.९.६ राष्ट्रिय समन्वय परिषद्को कोष व्यबस्थापन र अभिलेख राखी अन्तर्राष्ट्रिय समन्वय परिषद् संग एक रुपता
कायम गर्न आवश्यक सहयोग लिने ।
१७.९.७ वार्षिक लेखा विवरण सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सदस्यहरुलाई तथा अन्तर्राष्ट्रिय
समन्वय परिषद् सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदमा पठाउने ।
१७.९.८ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक
महिना अगावै राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुलाई पठाउने ।
१७.९.९ विधानमा तोकिएका अन्य कार्यहरु गर्ने ।
१७.९.१० राष्ट्रिय समन्वय परिषद्ले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.१० सह-कोषाध्यक्ष :-**

१७.१०.१ कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गरि आएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।
१७.१०.२ कोषाध्यक्षको अनुपस्थितिमा कार्यवाहक कोषध्यक्षको रुपमा जिम्मेवारी बहन गर्ने ।
१७.१०.३ विधानमा उल्लेखित तथा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१७.११ प्रवक्ता :-**

१७.११.१ राष्ट्रिय समन्वय परिषद्को काम कारवाहीका सम्बन्धमा परिषद्को दृष्टिकोण सार्वजनिक गर्ने ।

१७.११.२ राष्ट्रिय समन्वय परिषद् र सञ्चार माध्यम बिच समन्वय गर्ने ।

१७.११.३ परिषद्को गतिविधि बारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।

१७.११.४ अध्यक्ष तथा राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

१७.११.५ राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

**१७.१२ महिला संयोजक :-**

१७.१२.१ आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

१७.१२.२ आफ्नो मुलुक भित्र महिलाहरुको सरोकारका विषय सम्बन्धि क्रियाकलापहरु संचालन गर्ने, बैठक तथा भेलाहरु संचालन गर्ने । महिलाहरुको स्वावलम्बन, सशक्तिकरण, तालिम, प्रशिक्षणको आयोजना गर्ने ।

१७.१२.३ राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद् महिला फोरम समक्ष महिला गतिविधि सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने ।

१७.१२.४ अन्तर्राष्ट्रिय परिषद्का महिला क्षेत्रीय उपसंयोजकको समन्वयमा आफ्नो मुलुक भित्र महिलाहरुको संजाल स्थापना गर्ने ।

१७.१२.५ अन्तर्राष्ट्रिय परिषद्को महिला फोरम र राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

१७.१२.६ राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

**१७.१३ युवा संयोजक :-**

१७.१३.१ आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

१७.१३.२ युवासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने । नया पुस्ताका गैरआवासीय नेपालीहरु खास गरि १८ वर्ष मुनिका गैरआवासीय नेपालीहरुलाई लक्षित गरी नेपाल र नेपाली समुदाय प्रति अविछिन्न लगाव र आकर्षण कायम गर्ने एक संजाल बनाई विभिन्न कार्यक्रमहरु संचालन गर्ने गराउने ।

१७.१३.३ राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने ।

१७.१३.४ आवश्यकता अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्का क्षेत्रीय युवा उपसंयोजकको समन्वयमा आ`नो

मुलुकभित्र युवाहरुको संजाल स्थापना गर्ने ।

१७.१३.५ अन्तर्राष्ट्रिय समन्वय परिषद् युवा फोरम र राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

१७.१३.६ राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

**<u>१७.१४. निर्वाचित तथा मनोनित सदस्य :-</u>**

१७.१४.१ राष्ट्रिय समन्वय परिषद सदस्यले राष्ट्रिय समन्वय परिषद् बाट सञ्चालित विविध कार्यक्रमहरु एवं
दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका लागि क्रियाशिल रहने ।

१७.१४.२ राष्ट्रिय समन्वय परिषद्को निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

१७.१४.३ राष्ट्रिय समन्वय परिषद्मा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि बैठकमा
संयोजक मार्फत छलफलका लागि पेश गर्ने ।

१७.१४.४ राष्ट्रिय समन्वय परिषद्को बैठकमा भाग लिने ।

१७.१४.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आयोजना गर्ने विविध गतिविधिहरु सफल पार्न क्रियाशिल रहने ।

१७.१४.६ अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय समन्वय परिषद्बाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

१७.१४.७ समितिले तोकिएका अन्य कामहरु गर्ने ।

**१८. राष्ट्रिय समन्वय परिषद्को काम, कर्तव्य र अधिकार :-**

१८.१ राष्ट्रिय समन्वय परिषद्ले संघको पञ्जिकृत सदस्यता जारी गर्नेछ ।

१८.२ राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधानको वृहत संरचना भित्र रही विभागिय
समितिहरू वा कार्यदल गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्नेछ ।

१८.३. राष्ट्रिय समन्वय परिषद् कतारले संघको भावना बिपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको
विधानको उल्लंघन गर्ने कुनै पनि पंजिकृत सदस्यलाई सदस्यताबाट निलम्बन वा निष्काशन गर्नेछ । यस प्रकार निष्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषद् कतारको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्ने छन् र अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ ।

१८.४. राष्ट्रिय समन्वय परिषद्ले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको विवरण अन्तर्राष्ट्रिय समन्वय
परिषदका सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदका क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

१८.५. राष्ट्रिय समन्वय परिषद्ले राष्ट्रिय महाधिवेशन वा विभिन्न कार्यक्रमका लागि आवश्यक परेमा दर्ता शुल्क
तोक्न सक्नेछ ।

१८.६. राष्ट्रिय समन्वय परिषद्ले पञ्जिकृत सदस्यता विवरण र सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके

बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पठाउनु पर्नेछ ।

१८.७. राष्ट्रिय समन्वय परिषद्ले संघको अन्तराष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता

भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्ने र दर्ता विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको समयमा संघको सचिवालयमा पठाउनु पर्नेछ ।

१८.८. राष्ट्रिय समन्वय परिषद्ले आवश्यक्तानुसार गैरआवासीय नेपाली संघको उद्देश्य प्राप्तिका लागि राष्ट्रिय वा

अन्तर्राष्ट्रिय स्तरका विविध कार्यक्रमहरु आयोजना गर्नेछ ।

१८.९ राष्ट्रिय समन्वय परिषद्ले अन्तर्राष्ट्रिय समन्वय परिषद्को अधिनमा रही अन्तर्राष्ट्रिय समन्वय परिषद्ले

तोकेका कार्यहरु गर्नुपर्ने छ ।

१८.१० राष्ट्रिय समन्वय परिषद् कार्यसमितिले संघको विधानको अधिनमा रहि आवाश्यकता अनुसार नियमावली

तथा निर्देशिकाहरु निर्माण गरि लागु गर्न सक्नेछ ।

१८.११ राष्ट्रिय समन्वय परिषदले आवश्यकता अनुसार पेशागत विज्ञहरुको कार्यदल बढीमा १५ सदस्य रहने गरि गठन गर्न सक्नेछ । यसरी गठन गरिएको कार्यदलका लागि कार्यसमितिले निर्णय गरि कार्य क्षेत्र तोकि जिम्मेवारी दिन सक्नेछ ।

## १९. सचिवालयको गठन :-

१९.१ परिषदको दैनिक कार्य सहज ढगले संचालनका लागि कार्यसमितिका अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह-कोषाध्यक्ष युवा संयोजक, महिला संयोजक, प्रवक्ता र निर्वाचित कार्यसमिति सदस्यहरु बाट १७ सदस्यिय सचिवालय गठन गरिने छ ।

१९.२ सचिवालयको काम, कर्तव्य र अधिकार

१९.२.१ कार्यसमितिको बिशेष या नियमित बैठक नबसेको अवस्थामा अचानक निर्णय लिई बिशेष कार्यहरु तत्काल

गर्नु पर्ने भएमा सचिवालयको बैठकद्वारा बहुमतले निर्णय गरी कार्यान्वयन गर्न सकिने छ ।

१९.२.२ सचिवालयको नियमित बैठक हरेक एक महिनामा कम्तिमा एक पटक बस्नु पर्ने छ । आवश्यक परेको

खण्डमा कुनै पनि वेलामा बैठक बस्न सक्ने छ ।

१९.२.३ सचिवालयको बैठकद्वारा पारित निर्णयलाई कार्यसमितिको नियमित बैठकमा अनुमोदन गराउनु पर्ने छ ।

## २०. राष्ट्रिय समन्वय परिषद्को बैठक :-

२०.१ कार्यसमितिको पूर्ण बैठक साधारणतया हरेक दुई महिनाको एक पटक तोकिएको स्थान तथा समयमा बस्ने छ । तर अध्यक्षले विशेष बैठक बोलाउनु पर्ने परिस्थिति देखेमा अथवा कार्य समितिका एक तिहाइ सदस्यहरुले अध्यक्ष समक्ष कार्यसमितिको विशेष बैठक बोलाउन लिखित अनुरोध गरेमा ७ (सात) दिन भित्र बिशेष बैठक बस्ने छ ।

२०.२ कार्यसमितिको पूर्ण बैठक बस्ने समय तालिका कार्यसमितिले निर्धारण गर्ने छ । निर्धारीत समय तालिका अनुसार बैठक बस्ने अग्रीम सुचना जारी गर्नु पर्ने छैन । तर बिशेष बैठक बस्ने सुचना भने लिखित वा मौखिक रुपमा बैठक बस्नु भन्दा तीन दिन अगावै सम्पुर्ण कार्यसमिति सदस्यलाई जानकारी दिनुपर्ने छ ।

२०.३ कार्यसमितिको कूल सदस्य सख्याको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिने छ । गणपुरक सख्या नपुगेको खण्डमा कार्यसमितिको पूर्ण बैठक बस्न सक्ने छैन तर पन्ध्र दिन भित्र बोलाइएको दोस्रो बैठकमा भने उपस्थित संख्यालाई गणपुरक संख्या मानिने छ । गणपुरक संख्याको गणना गर्दा कतार वाहिर भएका पदाधिकारी तथा सदस्यहरुलाई घटाएर कतारमा रहेका पदाधिकारी तथा सदस्यहरुको मात्रै गणना गरिने छ ।

## २१. कार्यसमिति–सदस्य तथा पदाधिकारीहरुको पदपुर्ति :-

२१.१ कुनैपनि कारणले कार्यसमिति पदाधिकारी पद खाली हुन गएमा कार्यसमितिले कार्यसमिति सदस्यहरु मध्येबाट बाकि अवधिको लागि उक्त पदमा कार्यबाहकको जिम्मवारी दिई कार्यसम्पादन गर्न सक्नेछ । बार्षिक साधारण सभाले कार्यसमिति भित्रबाट रिक्त पदाधिकारीहरुको पदपुर्ति गर्न सक्नेछ ।

२१.२ कुनै पनि कारणले कार्यसमिति सदस्य पद खाली हुन गएमा कार्यसमितिले पंजिकृत सदस्यहरुबाट बाकी अवधिको लागि सो पदपूर्ति गर्न सकिनेछ । यसरी पदपूर्ति गर्दा समुदायको प्रतिनिधित्व गर्ने सदस्य भएमा सोही समुदायको परिषद् सदस्यबाट गर्नु पर्नेछ ।

## २२. कार्यसमिति सदस्यता समाप्ती :-

२२.१ पंजिकृत सदस्यता समाप्त भएको अवस्थामा कार्यसमिति सदस्यता स्वत: समाप्त हुनेछ ।

२२.२ कतारमा रहेर कार्यसमितिको नियमित पूर्ण बैठकमा तीन पटक अनुपस्थित पदाधिकारी तथा सदस्यको पद स्वत: रिक्त हुनेछ । तर बिरामी भई अस्पतालमा उपचारार्थ रहेको प्रमाण सहित लिखित जानकारी प्राप्त भएको अवस्थालाई भने अपबाद मानिनेछ ।

२२.३ कार्यसमिति अध्यक्ष समक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा ।

२२.४ परिषद् भेलामा कार्यसमिति पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव पेश भई त्यस उपर छलफल
हुदा उपस्थित परिषद् सदस्यहरुको बहुमतले अनुमोदन गरेमा ।

२२.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित भई गएमा
।

२२.६ परिषद्को आचार संहिता उलङ्घन गरी कारवाही भएमा ।

२२.७ अन्तरराष्ट्रिय समन्वय परिषद्को निर्देशनमा कार्यसमितिले निर्णय गरेमा ।

## २३. कार्यसमितिको विघटन प्रकृया :-

२३.१ परिषद्को राष्ट्रिय महाधिवेशनको बन्द सत्रमा कार्यसमिति विघटन भएको घोषणा गरिनेछ तर नाया निर्वाचित
कार्यसमितिलाई पदभार हस्तान्तरण नगर्दासम्म मौजुदा कार्यसमितिले नै दैनिक कार्य संचालन गर्नेछ ।

२३.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले हस्तक्षेप गरि कार्यसमिति विघटन गराएको अवस्थामा अन्तर्राष्ट्रिय समन्वय
परिषद्को निर्देशन अनुसार गरिनेछ ।

**२४. अविश्वास तथा अभियोगको प्रस्ताव :-**

२४.१ कार्यसमितिको कुनै पनि पदाधिकारी वा सदस्यले पदिय दायित्व पुरा गर्न असक्षम रहेको वा परिषद्को हित

विपरित काम गरेको महशुस भएमा राष्ट्रिय परिषद्का एक चौथाई सदस्यहरुले हस्ताक्षर गरी, कारण सहित, लिखित रुपमा कार्यसमिति समक्ष कुनै पनि बेला अभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्। यसरी आएको प्रस्ताव माथि छानविन गर्न अनुशासन तथा अनुगमन समितिलाई अनुरोध गर्नेछ। अनुशासन तथा अनुगमन समितिको राय अनुसार कारवाहीको प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

२४.२ कार्यसमिति उपर बिश्वास छैन भनी राष्ट्रिय समन्वय परिषदका एक चौथाई पंजिकृत सदस्यहरुले हस्ताक्षर गरी कारण सहित लिखित रुपमा कार्यसमिति समक्ष अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्।

२४.३ बिशेष अधिवेशनमा कार्यसमिति उपर अविश्वासको प्रस्ताव पेश भई त्यस उपर छलफल हुदा कुल पंजिकृत सदस्यहरु मध्ये ५१ प्रतिशतबाट अनुमोदन भएको अवस्थामा सोहि बिशेष अधिवेशनले ११ सदस्यीय तदर्थ समिति गठन गरि कार्यसमितिको जिम्मेवारी सो तदर्थ समितिलाई सुम्पनेछ। उक्त तदर्थ समितिले सोहि विशेष अधिवेशन बाट गैरआवासीय नेपाली संघ — NCC-Qatar को विधानमा व्यवस्था भए बमोजिम निर्वाचन समिति गठन गरि ३ महिना भित्र नया कार्यसमिति गठन गर्नेछ।

## परिच्छेद ७

**२५. लेखा समिति सम्वन्धि व्यवस्था :-**

२५.१ परिषद्को आर्थिक गतिविध आय/व्यायलाई चुस्त दुरुस्त र पारदर्शिता सहित लेखापरिक्षण गर्नको लागि लेखा समितिले कार्य गर्नेछ। उक्त प्रायोजनको लागि लेखा संम्वन्धी दक्षता र ज्ञान भएका १ जना संयोजक र २ जना सदस्यहरु राष्ट्रिय महाधिवेशनमा निर्वाचन मार्फत निर्वाचित गरिने छ साथै समिति पूर्ण रुपमा राष्ट्रिय महाधिवेशन प्रति उत्तरदायी हुनेछ।

**२६. अनुशासन तथा अनुगमन समिति सम्बन्धि व्यवस्था :-**

२६.१ कार्यसमितिको प्रस्तावमा राष्ट्रिय महाधिवेशनले राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारीहरु मध्येबाट एक संयोजक सहित ३ सदस्यीय अनुशासन तथा अनुगमन समिति गठन गर्नेछ। समिति पूर्ण रुपमा राष्ट्रिय समन्वय परिषद् प्रति उत्तरदायी हुनेछ।

२६.२ कार्यसमितिका पदाधिकारी, सदस्य तथा पंजिकृत सदस्यहरुले यो विधान, यो विधान मूताबिक बनेका

नियमावलीहरु र आफु रहेका समिति या कार्यसमितिको बैठकहरुले नियमानुसार बहुमतबाट पारित निर्णयहरुलाई पूर्ण रुपमा पालना गर्नु पर्ने छ।

२६.३ कार्यसमितिको कुनै पनि पदाधिकारी, सदस्य वा पंजिकृत सदस्यले संस्थाको मर्यादामा आच या प्रभावकारीतामा कमी आउने गरी सार्वजनिक रुपमा अभिव्यक्ति दिन या कार्य गर्न पाउने छैन। तर आफु

रहेको कमिटिको बैठकमा भने चित्त नबुझेका कुराहरु छलफलका लागि प्रस्तुत गर्न सक्ने छ।

२६.४ संघ र राष्ट्रिय समन्वय परिषद्ले निर्माण गरि लागु गरेको आचारसंहिता सम्पूर्ण पंजिकृत सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्ने छ।

**२७. कारवाही सम्बन्धि व्यवस्था :-**

२७.१ कार्यसमितिको पदाधिकारी, सदस्य वा पंजिकृत सदस्य उपर अभियोग लागेमा अनुशासन तथा अनुगमन समितीको सिफारिसमा कार्यसमितिले लिखित रुपमा स्पष्टीकरण माग गर्न सक्ने छ । सो लिखित स्पष्टीकरण कार्यसमितिले छलफलका लागि कार्यसमिति बैठकमा प्रस्तुत गर्ने छ । सो प्रक्रिया उपर चित्त नबुझेमा सम्बिन्धित व्यक्तिले राष्ट्रिय परिषद्को भेलामा अपिल गर्न सक्ने छ । सम्वन्धित व्यक्तिले राष्ट्रिय परिषद - भेलामा मौखिक रुपमा पनि स्पष्टीकरण दिन सक्ने छ । उसको कसुरको आधारमा भेलाले आवश्यक कारवाही गर्ने छ । यदि अभियोग अनुचित ठहरेमा भेलाले सफाई दिन सक्ने छ ।

## २८. सल्लाहकार समिति :-

२८.१ गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतार र गैरआवासीय नेपालीहरुको बृहत्तर हितका लागि आवश्यक योगदान गर्न निर्वतमान परिषद् अध्यक्षको संयोजकत्वमा परिषद्को अध्यक्ष, प्रमुख पदाधिकारीको रुपमा रही योगदान गरिसकेका वा संघको अभियानमा लामो समय देखि सक्रिय व्यक्तित्वहरुबाट बढिमा १७ सदस्यीय सल्लाहकार समितिको चयन कार्यसमितिले गर्नेछ ।

**२८.२ सल्लाहकार समितिको अधिकार :**

२८.२.१ राष्ट्रिय समन्वय परिषद्को हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

२८.२.२ राष्ट्रिय समन्वय परिषद्को हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।

२८.२.३ राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र बैठक संचालनका लागि आवश्यक संख्याका लागि गणना नहुने ।

२८.२.४. संस्था र समाजको हितका लागि कार्यसमितिलाई आवश्यक सल्लाह सुझाव लिखित वा मौखिक दिने ।

**२८.३ सल्लाहकार समितिको काम कर्तव्य :**

२८.३.१ परिषद्ले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।

२८.३.२ परिषद्ले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आ`नो तर्फबाट योगदान गर्ने ।

२८.३.३ राष्ट्रिय समन्वय परिषद्को अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका बिभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुका लागि राष्ट्रिय समन्वय परिषद्को प्रतिनिधित्व गर्ने ।

२८.३.४ परिषद्ले तोकेका अन्य कामहरु गर्ने ।

## २९. राष्ट्रिय महाधिवेशन :-

२९.१ प्रत्येक २ वर्षमा कम्तिमा एक पटक राष्ट्रिय समन्वय परिषद् कतारको राष्ट्रिय महाधिवेशन गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुने मिति बढिमा ६ महिना र कम्तिमा १ महिना बांकी रहने गरि सम्पन्न गर्नु पर्नेछ। सोही राष्ट्रिय महाधिवेशनले नै अन्तर्राष्ट्रिय समन्वय परिषद्कालागि देशको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्नेछ । साथै माथी जे उल्लेख गरिएतापनि पनि कतारको व्यावहारिक पक्ष तथा स्थिती को मध्यनजर गर्दै राष्ट्रिय समन्वय परिषद्ले आईसीसी संग समन्वय गरि सम्भव भए समय हेर फेर गर्न सक्ने छ ।

२९.२ राष्ट्रिय महाधिवेशनका कार्यहरु देहाय बमोजिम हुनेछ :

२९.२.१ राष्ट्रिय समन्वय परिषद्को कार्यकारी समितिबाट सन्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र राष्ट्रिय समन्वय परिषद्लाई निर्देशन दिने ।

२९.२.२ राष्ट्रिय समन्वय परिषद्को कार्यकारी समितिको निर्वाचन गर्ने ।

२९.२.३ गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषदमा प्रतिनिधि चयन गर्ने ।

२९.२.४ संघको उद्देश्य प्राप्तिको लागि राष्ट्रिय स्तरमा आवश्यक नीतिहरु तय गर्ने ।

२९.२.५ आवश्यक्तानुसार राष्ट्रिय समन्वय परिषदको यो विधानको संशोधन गर्ने ।

२९.२.६ गैरआवासीय नेपाली संघको नीति तथा कार्यक्रमहरुलाई राष्ट्रिय स्तरमा निर्माण, विकास र कार्यान्वयनका
लागि तर्जुमा गर्ने ।

२९.२.७ राष्ट्रिय समन्वय परिषद् अन्तर्गतका बिभिन्न विभागहरु, समितिहरुका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

२९.२.८ राष्ट्रिय समन्वय परिषद्का महासचिवको सांगाठानिक प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।

२९.२.९ राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद्ले पन्जिकृत सदस्यता प्रदान गरेका पन्जिकृत सदस्यहरु,
राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरु, प्रारम्भिक, मानार्थ र सम्वद्ध सदस्यहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरु, प्रारम्भिक सदस्य र जुनियर सदस्यले राष्ट्रिय महाधिवेशनमा सहभागि बन्न पाउने छन् । राष्ट्रिय समन्वय परिषद्का मानार्थ र सम्वद्ध सदस्यहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकार तथा सदस्यहरु, प्रारम्भिक सदस्य र जुनियर सदस्यले पर्यवेक्षकको रुपमा मात्र भागलिन पाउने छन् उनीहरुलाई मताधिकारको हक भने हुनेछैन् ।

२९.२.१० राष्ट्रिय महाधिवेशनमा कार्यसमितिका सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरु तथा उप-समितिका
संयोजकहरुको कुल जोड (पदपुर्ति भएकाहरुको मात्र) को ५१ प्रतिशतलाई गणपुरक मानिनेछ । गणपुरक संख्याको गणना गर्दा कतार बाहिर भएका पदाधिकारी तथा सदस्यहरुलाई घटाएर कतारमा रहेका पदाधिकारी तथा सदस्यहरुको मात्रै गणना गरिने छ ।

**३०. विशेष अधिवेशन :-**

३०.१ राष्ट्रिय समन्वय परिषद्का एक चौथाई सदस्यहरुले विशेष राष्ट्रिय महाधिवेशन बोलाउन लिखित माग गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्श बमोजिम कार्यसमितिले माग भएको मितिले ३ महिना भित्र विशेष अधिवेशन-बोलाउन सक्नेछ । विशेष महाधिवेशनको अध्यक्षता राष्ट्रिय समन्वय परिषदका अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा वा अध्यक्ष विरुद्धको प्रस्तावमा छलफल गर्नुपर्ने भएमा राष्ट्रिय समन्वय परिषद्का एक उपाध्यक्षले विशेष महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष महाधिवेशनमा दफा ७.३ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष राष्ट्रिय महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ । कार्यसमिति विघठनको प्रस्ताव पंजिकृत सदस्यहरुको दुई तिहाई बहुमतले पारित हुनुपर्नेछ ।

३०.२ विशेष महाधिवेशन बस्ने सुचना कम्तिमा १५ दिन अगावै सार्वजनिक गरि सक्नुपर्नेछ ।

३०.३ विशेष महाधिवेशनमा उपस्थित पंजिकृत सदस्यहरुलाई नै गणपुरक मानिनेछ ।

**३१. क्षेत्रीय बैठक अथवा भेला :-**

३१.१ सम्बन्धित क्षेत्र भित्र रहेका राष्ट्रिय समन्वय परिषदहरु बिच पारस्परिक सम्बन्ध, अनुभवहरुको आदान प्रदान, समस्याहरु र भावी कार्ययोजना निर्माण गर्नको लागि एक क्षेत्रीय भेलाको आयोजना गरिने वा सहभागिता जनाईनेछ । यस भेलाको स्थान र मिति सम्वन्धित क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषदहरुले तोक्ने छन् ।

## परिच्छेद ८

**३२. आर्थिक स्रोतहरु :-**

३२.१ परिषदका राष्ट्रिय परिषद सदस्यहरुबाट प्राप्त हुने सदस्यता दस्तुर/शुल्क ।
३२.२ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुबाट प्राप्त लेवी वा सहयोग शुल्क ।
३२.३ परिषद्को नाममा प्राप्त सहयोग, अनुदान, उपहार आदि ।
३२.४ परिषद्को अन्य श्रोतबाट प्राप्त हुने आय ।

**३३. कोषको व्यवस्थापन र लेखा परिक्षण :-**

३३.१ कार्यसमितीका अध्यक्ष, महासचिव र कोषाध्यक्ष गरी ३ जनाको नाममा नेपाल राष्ट्र बैंकको ईजाजत प्राप्त राष्ट्रिय स्तरको बैंकमा गैह्र आवसिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको नाममा खाता खोल्नु पर्नेछ । खाता संचालन गर्दा कोषाध्यक्षको अनिवार्य हस्ताक्षर रहने र अध्यक्ष वा महासचिव मध्ये कुनै एक जनाको हस्ताक्षरबाट खाता संचालन गरी बैंकिङ्ग कारोबार गरिनेछ ।
३३.२ दैनिक खर्चको व्यवस्थापनका लागि कार्यसमितिले निर्णय गरी लागु गर्न सक्ने छ ।
३३.३ दफा ३५.७ बमोजिम निर्वाचित लेखा समितिबाट संस्थाको आर्थिक कृयाकलापलाई लेखा परिक्षण गराउनु गर्नु पर्ने छ ।
३३.४ आर्थिक गतिविधिहरुलाई आर्थिक नियमावलि बमोजिम लेखा समितिबाट नियमित रुपमा लेखा परिक्षण गराई परिषद्को वार्षिक भेला र महाधिवेशनमा अनुमोदनका लागि प्रस्तुत गर्नु पर्ने छ ।
३३..५ कार्यसमितिको आन्तरिक लेखापरिक्षण लेखा समितिले गर्ने भए पनि परिषद् भेलामा प्रस्तुत गरिने आर्थिक प्रतिवेदन तयार गर्नभन्दा पहिले बाह्य लेखापरिक्षण नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरिक्षकले अनिबार्य लेखापरिक्षण गर्नुपर्नेछ र लेखापरिक्षकको नियुक्तीको प्रथम परिषद् भेलामा कार्यसमितिले प्रस्ताव गरि परिषद् भेलाबाट अनुमोदन गराउनुपर्नेछ ।
३३.६ परिषद्को लेखा तथा काम कारवाहीको सम्वन्धमा अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुगमन गर्न सक्नुका साथै अनुगमन गर्दा परिषद्को लेखा सम्बन्धि काम कारबाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक निर्देशन दिनसक्ने छ । सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

## परिच्छेद ९

**३४. अन्तर्राष्ट्रिय महाधिवेशन का लागी प्रतिनिधी छनोट :-**

संघबाट प्राप्त निर्देशन र नियमावली अनुसार हुने छ।

## परिच्छेद १०

**३५. निर्वाचन सम्बन्धि व्यवस्था :-**

३५.१ परिषद्को निर्वाचनको पर्यवेक्षण गर्न संघलाई अनुरोध गरीनेछ ।

३५.२ कार्यसमितिले एक परिषद् सदस्यको संयोजकत्वमा पांच देखि नौ जना सम्म सदस्य रहने गरि अन्तिम परिषद भेला मार्फत निर्वाचन समिति गठन गर्नेछ । निर्वाचन समितिका संयोजक र सदस्यहरुले पदमा बहाल रहदासम्म परिषद्को कुनै पदमा उम्मेदवार बन्न पाउने छैन ।

३५.३ निर्वाचन समितिले संघको निर्वाचन सम्वन्धि नियमावलीको अधिनमा रहि निर्वाचन कार्यविधि तोक्नेछ ।

३५.४ संघको विधान तथा समितिले पारित गरेका नियम, उप-नियमहरुको अधिनमा रही निर्वाचन सम्वन्धि प्रकृया तथा कार्यविधी बनाउने, आवश्यक सुचना प्रकाशित गर्ने तथा परिस्थिति र सम्भावनाका आधारमा अनलाईन भोटिङ्ग वा पोस्टल भोटिङ्ग वा प्रत्यक्ष मतदान वा इलेक्ट्रोनिक भोटिङको माध्यामबाट निर्वाचन सम्पन्न गराउने पुरा अधिकार निर्वाचन समितिमा रहनेछ ।

३५.५ निर्वाचन सम्वन्धि कुनै पनि कुराको अन्तिम निर्णय निर्वाचन समितिको हुने छ ।

३५.६ निर्वाचन समिति एक कार्यकालको लागि एउटा निर्वाचन प्रयोजनको लागि मात्र गठन गरिनेछ ।

३५.७ निर्वाचन समितिले राष्ट्रिय परिषद्को निर्वाचनसागै अन्तर्राष्ट्रिय समन्वय परिषद्मा प्रतिनिधित्व गर्ने आइसीसी
सदस्य (हरु), विधान बमोजिम लेखा समिति चयन समेत गर्नु पर्नेछ ।

३५.८ निर्वाचन समितिले, संघले निर्धारण गरेको राष्ट्रिय अधिवेशन सम्वन्धि नियमावली तथा आचार संहिता र राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको आचार संहिताको दायरामा रही निर्वाचन सम्पन्न गर्ने छ ।

## ३६. विविध :-

३६.१ यो विधानको व्याख्या कार्यसमितिले गठन गरेको विधान समितिले गर्नेछ । अन्तिम व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान समितिमा निहित रहने छ ।

## ३७. विधानको संसोधन :-

३७.१ यस विधानको संशोधन आवाश्यक देखिएमा कार्यसमितिले विधान संशोधन समिति गठन गर्नेछ । विधान संशोधन समितले संशोधन प्रस्ताव तयार गरि कार्यसमिति मार्फत राष्ट्रिय महाधिवेशनमा पेश गर्नेछ यसरी पेश गरिएको प्रस्ताव अन्तिम राष्ट्रिय परिषद् भेलाको उपथितीको दुई तिहाईले बहुमतको आधारवाट पारित गर्नेछ । पारित विधान अन्तर्राष्ट्रिय समन्वय परिषद्मा स्विकृतिको लागि पठाईनेछ । संशोधित विधान तुरुन्त लागु हुने छ ।

## अनुसूची-१

संघको प्रतिक चिन्ह (लोगो) : दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजी भाषाको ठूलो अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ । लोगो निम्न ढाचाको हुनेछ ।

**प्रतिक चिन्हको नमुना** :- उदाउदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, ल्च्ल्ब ले गैर आवासीय नेपालीहरु, FOR NEPALI BY NEPALI ले संघको मन्त्र र दुई अर्ध वृत्तहरुको घेराले पृथ्वीको प्रतिनिधित्व गर्छ ।

## अनुसूची-२

कार्यालयको छाप : संघको अन्तराष्ट्रिय परिषद र राष्ट्रिय परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैरआवासीय नेपाली संघ", 'ल्यल(च्भकष्मभलत ल्भउबष्ि क्कयअष्बतष्यल' लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA ठीक त्यसकैको मुनि NCC- QATAR लेखिएको अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको ठीक माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउदै गरेको सूर्य र तल अंग्रजी अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको बाक्य हुनेछ ।

## अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना नेपाली र अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

"For Nepali, By Nepali"
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार
Non-Resident Nepali Association, National Coordination Council, Qatar
Estd: 2003

## अनुसुची - ४

आवेदन फारमको नमुना : सदस्यता आवेदन MIS सिस्टम अनुसार अनलाईनबाट लिने प्रकृया शुरु भइसकेकोले फर्मको ढाचा अनलाईनमा भए बमोजिम हुनेछ ।

## अनुसुची - ५

संघको परिचयपत्रको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

## अनुसुची - ६

**शपथ**

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैरआवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरी प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

॥समाप्त॥